नेपाल सरकार

अर्थ मन्त्रालय

आन्तरिक राजस्व विभागको

# सूचना

आर्थिक कृयाकलापमा संलग्न कुनै व्यक्ति वा निकायले अनिवार्य रूपमा स्थायी लेखा नम्वर (**PAN**) लिएर मात्र कारोवार गर्नु पर्ने तथा त्यस्ता व्यक्ति वा निकायले मूल्य अभिवृद्धि कर लाग्ने वस्तु तथा सेवाको कारोवार गर्ने भएमा अनिवार्य रूपमा मूल्य अभिवृद्धि करमा समेत दर्ता हुन पर्ने प्रावधान आयकर ऐन,(संशोधन सहित) २०५८ तथा मूल्य अभिवृद्धि कर ऐन,(संशोधन सहित) २०५२ मा रहेको छ । तसर्थ, आर्थिक कृयाकलापमा संलग्न सवैले स्थायी लेखा नम्वर लिई र मूल्य अभिवृद्धि कर लाग्ने वस्तु तथा सेवाको कारोवार गर्ने व्यक्तिले मूल्य अभिवृद्धि करमा दर्ता भई वील वीजक जारी गर्ने,खरिद विक्री कारोवारको अभिलेख राख्ने,आफ्नो कारोवारको आफैले कर निर्धारण गरी मूल्य अभिवृद्धि कर विवरण तथा आय विवरण एवं लाग्ने कर समयमा नै दाखिला गर्नु गराउनु भै कर कानूनको परिपालना गर्न गराउन जानकारी गराईन्छ । करदाता दर्ता हुंदा यदाकदा वास्तविक रूपमा कारोवारमा सम्लग्न व्यक्ति / निकाय दर्ता नभइ कामदार वा अन्य असम्वन्धित व्यक्तिका नाममा कारोवार दर्ता गरी वास्तविक रूपमा कारोवार गर्ने व्यक्तिले अन्य सामान्य अनजान व्यक्तिका नामवाट फाईदा लिई करको दायित्व अन्य व्यक्तिलाई सिर्जना गर्ने प्रवृत्ति समेत देखिने गरेको हुंदा वास्तविक रूपमा कारोवारमा सम्लग्न व्यक्तिका नाममा मात्र फर्म वा कम्पनी दर्ता भई आफ्नो कारोवारको सूनिश्चितता गरी दर्ता गर्न गराउनु हुन साथै आन्तरिक राजस्व कार्यालयहरू तथा करदाता सेवा कार्यालयहरूले करदाता दर्ता गर्दा गुणस्तरीय दर्ता (Quality Registration) मा ध्यान दिई वास्तविक करदाताहरू मात्र एकीन गरी दर्ता गर्ने गराउने व्यवस्था मिलाउनु हुन आम करदाता तथा सम्वद्ध कर्मचारीहरूलाई जानकारी गराईन्छ ।